SuryaJyoti

जीवनको लागि

# सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

केन्द्रीय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाडौं फोनः ०१-४५४५९४१/४२

इमेलः info@suryajyotilife.com, वेबसाइटः www.suryajyotilife.com

को

## शेयरधनी महानुभावहरुलाई नगद लाभांश वितरण तथा शेयर अभौतिकीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको मिति २०८२/०९/३० गते सम्पन्न १८ औं वार्षिक साधारण सभाबाट पारित भएको १३ प्रतिशत (नियमानुसार नगद लाभांशमा लाग्ने कर सहित) नगद लाभांश १८ औं वार्षिक साधारण सभाको लागि शेयरधनी दर्ता पुस्तिका बन्द हुने दिन भन्दा अघिल्लो दिन अर्थात मिति २०८२/०९/१७ गतेसम्म कायम शेयरधनीहरुको हितग्राही खातामा बैंक/वित्तीय संस्थाको खाता नम्बर उल्लेख/अध्यावधिक भएका शेयरधनीहरु मध्ये हितग्राही खातामा एन आई सी एशिया बैंक लिमिटेडको बैंक खाता उल्लेख भएकाहरुको हकमा उक्त लाभांश रकम मिति २०८२/०९/३० गते नै जम्मा गरिसकेको र अन्य बैंक तथा वित्तीय संस्थाको बैंक खाता उल्लेख भएकाहरुको हकमा उक्त लाभांश रकम मिति २०८२/०९/३० गतेदेखि नै सम्बन्धित शेयरधनीहरुको बैंक खातामा जम्मा गर्न सुरु गरिसकिएकोले आफ्नो बैंक खातामा लाभांश प्राप्त भए नभएको यकिन गर्नुहुन अनुरोध छ। साथै भौतिक रुपमा कायम शेयरधनीहरुको हकमा आफ्नो शेयर प्रमाणपत्र अभौतिकीकरण गरे पश्चात् मात्र नगद लाभांश हितग्राही खातामा उल्लेख गरेका बैंक खातामा पठाउने व्यवस्था मिलाईनेछ। तसर्थ आफ्नो शेयर प्रमाणपत्र हालसम्म अभौतिकिकरण नगर्नु भएका शेयरधनी महानुभावहरुले यथाशीघ्र आफूले डिम्याट खाता खोलेको सम्बन्धित निक्षेप सदस्यमा सम्पर्क गरी आफ्नो शेयर प्रमाणपत्र अभौतिकीकरण गरी नेपाल क्लियरीङ्ग हाउस अन्तर्गत IPS सदस्यता प्राप्त कुनै पनि बैंक तथा वित्तीय संस्थामा रहेको आफ्नो बैंक खाता नम्बर सहितको विवरण अद्यावाधिक गर्नुहुन अनुरोध गर्दछौं।

हालसम्म पनि आफ्नो हितग्राही खातामा बैंक/वित्तीय संस्थाको खाता अध्यावधिक नगराउनु भएका तथा हितग्राही खातामा उल्लेखित बैंक खाता भएको बैंक तथा वित्तीय संस्था मर्जरको कारणले गर्दा परिवर्तन भएका शेयरधनी महानुभावहरुले आफ्नो हितग्राही खाता रहेको सम्बन्धित निक्षेप सदस्यमा सम्पर्क राखि हितग्राही खातामा बैंक खाता अध्यावधिक गराई समयमा नै आफ्नो लाभांश प्राप्त गर्नुहुन अनुरोध छ।

कम्पनीको शेयर मिति २०८२/०९/१७ गतेसम्म धितोबन्धक राखी कर्जा लिएका शेयरधनीहरुको नगद लाभांश सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट No Objection Letter प्राप्त भएका शेयरधनी महानुभावहरुको बैंक खातामा जम्मा गरी सकिएको र No Objection Letter प्राप्त हुन बाँकी शेयरधनीहरुको हकमा Letter प्राप्त भए पश्चात् मात्र बैंक खातामा जम्मा गरिने र सो मिति पश्चात् कर्जा चुक्ता भुक्तानी गर्नु भएका शेयरधनीहरुको हकमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको फुकुवा पत्र (Release Letter) प्राप्त भए पश्चात् मात्र बैंक खातामा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत सूचित गर्दछौं।

साथै, यस कम्पनीबाट (साविक सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. सहित) विभिन्न आर्थिक वर्षहरुमा वितरण गरिएको नगद लाभांश संकलन गर्न बाँकी रहेका शेयरधनी महानुभावहरुको विवरण यस कम्पनीको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटलको वेभसाईटः www.nicasiacapital.com बाट समेत प्राप्त गर्न सकिने हुँदा सोही अनुसारको विवरण अद्यावाधिक गरी आफ्नो संकलन गर्न बाँकी लाभांश रकम समयमा नै प्राप्त गर्नुहुन सूचित गर्दछौं।

**शेयर रजिष्ट्रारः**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**

ट्रेड टावर नेपाल, थापाथली-११, काठमाडौं

फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८

Email: info@nicasiacapital.com

Website: www.nicasiacapital.com